# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को प्रथम दश महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**आषाढ २०६१**

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति


*(आर्थिक वर्ष २०६०/६१ को प्रथम दश महिनाको तथ्याङ्कमा आधारित)*

<u>मुख्य बुँदाहरु</u>

- आर्थिक वर्ष २०६०/६१ को प्रथम दश महिनामा संकुचित मुद्रा प्रदाय र विस्तृत मुद्रा प्रदाय दुवै बढेको छ ।
- बैङ्किग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जा घटेको छ ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको छ ।
- धितोपत्र बजारको कारोवारमा वृद्धि भएको भए तापनि नेप्से परिसूचकाङ्क घटेको छ ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्च बढेको छ ।
- कुल खर्चको तुलनामा गैर-ऋण साधन उच्च दरले वृद्धि भएकोले बजेट घाटा घटेको छ ।
- विन्दुगत आधारमा मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको छ ।
- निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा बढेको छ ।
- वैदेशिक अनुदान तथा खूद सेवा आय उच्च दरमा वृद्धि भएको कारण चालु खाता बचतमा रहेको छ ।
- चालु खातामा पर्याप्त बचत रहेको, बैदेशिक ऋण तथा विविध पूँजी आप्रवाहमा उच्च दरले वृद्धि भएको कारण शोधनान्तर स्थिति नेपालको पक्षमा रहेको छ ।
- कुल विदेशी विनिमय संचिति रु.१ खर्ब २५ अर्ब ३९ करोड पुगेको छ जुन ११.२ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।


## मौद्रिक स्थिति

गत वर्षको तुलनामा यस वर्षको प्रथम दश महिनामा खुद आन्तरिक सम्पत्तिको वृद्धिदर कम रहे तापनि खुद वैदेशिक सम्पत्ति उत्साहप्रद रुपमा वृद्धि भएकोले विस्तृत मुद्रा प्रदाय ९.४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६९ अर्ब ४ करोड पुगेको छ । विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय ५.४ प्रतिशतले बढेर रु. ८८ अर्ब २५ करोड पुगेको छ । विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप यस वर्ष ११.५ प्रतिशतले बढेर रु. १ खर्ब ८० अर्ब ७९ करोड पुगेको छ । गत वर्ष आवधिक निक्षेप ७.४ प्रतिशतले बढेको थियो । गत वर्ष बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) २.५ प्रतिशतले बढेकोमा यस वर्ष १६.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४ अर्ब ७४ करोड पुगेको छ । बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्ष २.८ प्रतिशतले बृद्धि भई रु. २ खर्ब ३४ अर्ब ९० करोड पुगेको छ । सो कर्जा गत वर्ष ८.२ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष १०.० प्रतिशतले वृद्धि भएको बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा यस वर्ष ७.७ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ६२ अर्ब ५७ करोड पुगेको छ । कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जामा ११.२ प्रतिशतले कमी आएको छ । मौद्रिक क्षेत्रबाट प्रवाहित कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारतर्फ गएको कर्जाको अंश २०६० बैशाख महिनामा २८.० प्रतिशत रहेकोमा २०६१ बैशाख महिनामा घट्न गई २३.८ प्रतिशत रहेको छ । सोही अनुसार, निजी क्षेत्रतर्फ प्रवाहित बैंक कर्जाको अनुपात २०६० बैशाख मसान्तको ६५.४ प्रतिशतबाट २०६१ बैशाख मसान्तमा ६९.२ प्रतिशत पुगेको छ । २०६० बैशाख महिनामा २.९१ प्रतिशत रहेको ९१ दिने ट्रेजरी विल्सको औसत ब्याजदर २०६१ बैशाख महिनामा ०.७० प्रतिशतमा झरेको छ ।




## सरकारी वित्त स्थिति

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार यस वर्ष कुल सरकारी खर्च ८.३ प्रतिशतले वृद्धि भई रु. ५४ अर्ब ९३ पुगेको छ। गत वर्ष यसै अवधिमा सो खर्च १.१ प्रतिशतले घटेको थियो। कुल सरकारी खर्चमध्ये साधारण खर्च गत वर्ष ९.४ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ४.५ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ६७ करोड पुगेको छ। विकास खर्च गत वर्ष २८.७ प्रतिशतको उच्च दरले घटेकोमा यस वर्ष २३.४ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ६८ करोड पुगेको छ। फ्रिज खर्च गत वर्ष १२.५ प्रतिशतले घटेकोमा यस वर्ष १५.५ प्रतिशतले बढेर रु. १ अर्ब ५८ करोड पुगेको छ।




आर्थिक वर्ष २०५९/६० मा ८.७ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १३.१ प्रतिशतले बढेर रु. ५१ अर्ब ५१ करोड पुगेको छ। सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व गत वर्ष ८.६ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १३.४ प्रतिशतले वृद्धि भई रु. ४६ अर्ब ४४ करोड पुगेको छ। अन्त:शुल्क, आयकर तथा गैर-कर राजस्व अन्तर्गत मुख्यतया पासपोर्ट वापतको आयमा उल्लेख्य वृद्धि भएको कारण कुल राजस्व उत्साहजनक रुपमा वृद्धि भएको छ। बाह्य अनुदान गत वर्ष रु. १ अर्ब ५१ करोड प्राप्त भएकोमा यस वर्ष रु. ३ अर्ब ४५ करोड प्राप्त भएको छ। गैर-बजेटरी आय गत वर्ष रु. २ अर्ब ५१ करोड प्राप्त भएकोमा यस वर्ष ५०.६ प्रतिशतले घटेर रु. १ अर्ब २४ करोड मात्र प्राप्त भएको छ।

कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन (Non-debt creating resources) को वृद्धिदर उच्च रहेकाले यस वर्ष बजेट घाटा ३३.८ प्रतिशतले घटेर रु. ३ अर्ब ४२ करोडमा झरेको छ । गत वर्ष यस अवधिमा रु. ५ अर्ब १६ करोडको बजेट घाटा भएको थियो । बजेट घाटा पूर्ति गर्ने क्रममा आन्तरिक श्रोतबाट रु. ३ अर्ब ३५ करोड र बाह्य श्रोतबाट रु. ७ अर्ब २२ करोड गरी जम्मा रु. १० अर्ब ५७ करोड ऋण परिचालन भएको छ । यस रकमबाट उपरोक्त बजेट घाटा पूर्ति गर्नुको अतिरिक्त सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु. १ अर्ब १४ करोड पूर्ति गरी बाँकी रकम रु. ६ अर्ब २ करोड श्री ५ को सरकारको खातामा बचत रहेको छ । गत वर्ष यसै अवधिमा रु. ५८ करोड बराबरको अधिविकर्ष उपयोग गरिएको थियो ।

## मूल्य स्थिति

वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर गत वर्ष ७.७ प्रतिशत रहेकोमा यस वर्ष १.३ प्रतिशत रहेको छ । समुहगत आधारमा गत वर्ष ८.३ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क यस वर्ष ०.६ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष चिनी तथा चिनीजन्य पदार्थ (१३.७ प्रतिशत), माछा, मासु तथा फुल (७.३ प्रतिशत), मरमसला (६.९ प्रतिशत) र दलहन (२.४ प्रतिशत) को मूल्य गत वर्षको तुलनामा बढी दरले बृद्धि भएको भए तापनि तरकारी तथा फलफुल, खाद्यान्न तथा पेय पदार्थको मूल्य घटेको तथा तेल तथा घ्यू, रेष्टुराँको खाना, दूग्ध तथा दूग्धजन्य पदार्थको मूल्य गत वर्षको तुलनामा यस वर्ष न्यून दरले बढेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्य कम दरले बृद्धि भएको हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य गत वर्ष ७.० प्रतिशतले वृद्धि भएकोमा यस वर्ष २.२ प्रतिशतले वृद्धि भएको छ । यातायात र संचार उप-समूह तथा जुत्ता चप्पलको मूल्यमा ह्रास आएको एवं घरयासी सामान, शिक्षा तथा मनोरंजन, कपडा र सुर्ती तथा सुर्तीजन्य पदार्थको मूल्यमा गत वर्षको तुलनामा कम दरले बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उपरोक्त बृद्धि भएको हो । क्षेत्रगत आधारमा यस वर्ष काठमाडौं उपत्यकामा ४.४ प्रतिशतले र पहाडमा ०.३ प्रतिशतले मूल्य बृद्धि भएको छ भने तराईमा गत वर्ष कै स्तरमा रहेको छ । गत वर्ष यी क्षेत्रहरुमा क्रमशः ६.४ प्रतिशत, ६.९ प्रतिशत र ७.३ प्रतिशतले मूल्य वृद्धि भएको थियो । प्रथम दश महिनाको शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता औसत मूल्य सूचकाङ्क गत वर्ष ४.४ प्रतिशतले बढेकोमा यस वर्ष पनि सो वृद्धिदर ४.४ प्रतिशत नै रहेको छ ।


विन्दुगत आधारमा गत वर्ष ८.० प्रतिशतले बढेको राष्ट्रिय थोक मूल्य सूचकाङ्क यस वर्ष १.७ प्रतिशतले बढेको छ । समूहगत आधारमा स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरुको मूल्य ७.९ प्रतिशतले तथा आयातीत वस्तुहरुको मूल्य ३.८ प्रतिशतले बढ्न गएको छ भने कृषिजन्य वस्तुहरुको मुल्य २.१ प्रतिशतले घटेको छ । प्रथम दश महिनाको औसत राष्ट्रिय थोक मूल्य वृद्धिदर गत वर्षको यसै अवधिमा ३.४ प्रतिशत रहेकोमा यस वर्ष ४.० प्रतिशत पुगेको छ ।

## वैदेशिक व्यापार

यस बर्ष कुल निर्यात ४.५ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब ३ करोड पुगेको छ । गत वर्ष पनि निर्यात ४.५ प्रतिशतले नै बढेको थियो । भारततर्फको निर्यात यस वर्ष १५.६ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब ८४ करोड पुगेको छ। यो निर्यात गत वर्ष ८.६ प्रतिशतले घटेको थियो । अन्य मुलुकतर्फको निर्यात यस वर्ष ८.० प्रतिशतले घटेर रु. १८ अर्ब १८ करोडमा सीमित भएको छ । गत वर्ष यस्तो निर्यात २४.७ प्रतिशतले बढेको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये ऊनी गलैचा, दाल, हस्तकलाका सामान, गरगहना र प्रशोधित छालाको निर्यात बढेको भए तापनि ठूलो आयतन भएको तयारी पोशाकको निर्यात १७.९ प्रतिशतले घटेकोले यस वर्ष अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

गत वर्ष १६.७ प्रतिशतले वृद्धि भएको कुल आयात यस वर्ष ९.५ प्रतिशतले बृद्धि भई रु. १ खर्ब १२ अर्ब ३२ करोड पुगेको छ । भारतबाट भएको आयात गत वर्ष २८.१ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ११.८ प्रतिशतले बृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात गत वर्ष ४.६ प्रतिशतले बढेकोमा यस वर्ष ६.७ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष भारतबाट मुख्यतया एम.एस. विलेट, दाल, गहुँ, यातायातका साधन, औद्योगिक रसायन, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, एम. एस. वायर रड, कोल्ड रोल्ड सिट, अन्य यन्त्र तथा पूर्जा आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुकमेल, सुपारी, धागो, जिंक इंगट, स्टील सीट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, हवाई जहाजका पार्टपूर्जा, टायर तथा ट्यूव, श्रृगारका सामान, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, रासायनिक मल, कृषि सम्बन्धी उपकरण आदि वस्तुहरुको आयात बढेको छ ।

गत वर्ष २७.० प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा यस वर्ष १३.१ प्रतिशतले बढेर रु. ६८ अर्ब २९ करोड पुगेको छ । भारतसंगको व्यापार घाटा गत वर्ष ७१.५ प्रतिशतको उच्च दरले वृद्धि भएकोमा यस वर्ष ९.४ प्रतिशतले बढेको छ । अन्य मुलुकतर्फको व्यापार घाटा गत वर्ष ७.३ प्रतिशतले घटेकोमा यस वर्ष १८.३ प्रतिशतको उच्च दरले बृद्धि भएको छ । परिणामस्वरुप, गत वर्ष ४१.१ प्रतिशत रहेको निर्यात/आयात अनुपात यस वर्ष ३९.२ प्रतिशतमा झरेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ३८.६ प्रतिशत रहेकोमा यस वर्ष ४०.० प्रतिशत र अन्य मुलुकतर्फको यस्तो अनुपात गत वर्ष ४४.२ प्रतिशत रहेकोमा यस वर्ष ३८.२ प्रतिशत रहेको छ ।





## शोधनान्तर स्थिति

यस वर्षको प्रथम आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा कुल निर्यात तथा कुल आयात दुवैमा वृद्धि भएको भए तापनि आयातको आयतन ठूलो भएको तथा वृद्धिदर पनि अधिक रहेकोले कुल व्यापार घाटा १३.७ प्रतिशतले वृद्धि भई रु. ४९ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्ष यसै अवधिमा व्यापार घाटा ३८.४ प्रतिशतले वृद्धि भएको थियो । गत वर्षको तुलनामा सेवा आय २६.५ प्रतिशतले वृद्धि भएको भए तापनि सेवा भुक्तानी पनि १७.६ प्रतिशतले वृद्धि भएकोले वस्तु तथा सेवा क्षेत्रको समग्र घाटा ९.६ प्रतिशतले वृद्धि भई रु. ४३ अर्ब २ करोड पुगेको छ । त्यस्तै गत वर्षको तुलनामा लगानी आय ३१.० प्रतिशतले घटेकोले वस्तु, सेवा तथा लगानी आय क्षेत्रको समग्र घाटा १२.५ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब ४६ करोड पुगेको छ । तथापि यस अवधिमा निजी क्षेत्रको विप्रेषण र विदेशी अनुदानमा उल्लेख्य वृद्धि भएको कारण चालु खातामा रु. १५ अर्ब ५ करोड बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. १२ अर्ब २३ करोडको चालु खाता बचत रहेको थियो । वित्तीय खाता ऋणात्मक रहे तापनि चालु खाता बचत अधिक रहेकोले यस वर्षको पहिलो आठ महिनामा रु. ११ अर्ब ६२ करोडको शोधनान्तर बचत भएको छ । गत वर्षको यसै अवधिमा रु. ३४ करोड बराबरको शोधनान्तर घाटा भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार गत वर्षको प्रथम दश महिनामा रु. २ अर्ब १९ करोड शोधनान्तर बचत रहेकोमा यस वर्ष रु. १४ अर्ब ७७ करोडको शोधनान्तर बचत भएको छ ।

## विदेशी विनिमय संचिति

२०६१ बैशाख मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २५ अर्ब ३९ करोड पुगेको छ । यसमध्ये परिवर्त्य संचिति रु. १ खर्ब ०९ अर्ब ६२ करोड रहेको छ । २०६० बैशाखको तुलनामा परिवर्त्य संचिति १४.२ प्रतिशतले र अपरिवर्त्य संचिति १.७ प्रतिशतले बढेको छ । गत बर्ष परिवर्त्य संचिति १८.९ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति ४५.५ प्रतिशतले घटेको थियो । २०६१ बैशाखमा कुल संचितिमा परिवर्त्य संचितिको अंश ८७.४ प्रतिशत र अपरिवर्त्य संचितिको अंश १२.६ प्रतिशत छ । २०६० बैशाखमा यस्तो अंश क्रमशः ८६.१ प्रतिशत र १३.९ प्रतिशत थियो । अपरिवर्त्य संचिति कम दरले वृद्धि हुनुमा पेट्रोलियम पदार्थको आयात पूर्णतः अपरिवर्त्य मुद्राको भुक्तानीबाट हुनु रहेको देखिन्छ । वैदेशिक अनुदान तथा ऋण र वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेकोले यस बर्ष परिवर्त्य संचितिको अंश बढेको हो । कुल संचिति वृद्धि भएको फलस्वरुप चालु आर्थिक वर्षको प्रथम दश महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तर ११.२ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।




## शेयर बजार गतिविधि

धितोपत्र बजारमा गत वर्षको तुलनामा यस वर्ष संख्यात्मक तथा रकमगत कारोवार दुवै वृद्धि भएको छ। कारोवार भएको शेयर संख्या २०६१ बैशाखमा २८ लाख ६२ हजार पुगेको छ भने कारोवार रकम रु. १ अर्ब २८ करोड पुगेको छ। सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०६० बैशाखको तुलनामा २०६१ बैशाखमा ९.७ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ८६ करोड पुगेको छ। नेप्से परिसूचकाङ्क भने गत वर्ष बैशाख महिनाको तुलनामा यस वर्ष ३.१ विन्दु (१.५ प्रतिशत) ले ह्रास भई २०४.३५ मा झरेको छ।

***